**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १० गते बुधबार ❑ 24 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गुटउपगुटमा नलाग्न सभापति लामिछानेको निर्देशन

**रासस**

चितवन, ९ असार



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीभित्र गुटउपगुट नबनाउन निर्देशन दिनुभएको छ। महाधिवेशनको बन्दसत्रलाई आज यहाँ सम्बोधन गर्दै उहाँले गुट उपगुटले पार्टीलाई माथि नलैजाने बताउनुभयो।

सभापति लामिछानेले भन्नुभयो, "हामीले पनि गुटउपगुट बनायौँ भने हामीबाट आउने परिणाम पनि पुराना पार्टीको जस्तै हुन्छ । फरक आउँदैन । फरक परिणाम निकाल्ने हो भने केही फरक गर्नैपर्छ ।" महाधिवेशनमा आफ्नो विवेक प्रयोग गर्न आग्रह गर्दै उहाँले भन्नुभयो, "५२ लाख जनताले विवेक प्रयोग गरेर हामीलाई जिताउनुभयो, त्यही विवेक हामीले पनि प्रयोग गर्नुपर्छ ।" प्रतिनिधि चयन गर्दा विवेकपूर्वक गरिएको उहाँको भनाइ थियो । प्रतिनिधिहरूले तिरेको रु पाँच हजार ऐच्छिक बनाइएको भन्दै उहाँले त्यही पाँच हजार आवश्यक परे फिर्ता लैजान सक्ने बताउनुभयो । उहाँले भन्नुभयो "तपाईंले तिरेको रु पाँच हजार चाहेमा फिर्ता लिन सक्नुहुने छ। यति दिन बस्दा खर्च धेरै भएको छ, सक्नेले आफ्ना साथीको तिरिदिन्छु भन्नुभयो भने राम्रो हुन्छ।"

महाधिवेशन निर्वाचनको सन्दर्भमा उहाँले जसले जिते पनि घण्टीबाहकले जित्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "निर्वाचनमा जसले जिते पनि घण्टीबाहक जित्छ। म कसैको पक्षमा छैन ।" सभापति लामिछानेले थप भन्नुभयो, "तपाईंले आफू कसलाई भोट हाल्नुहुन्छ, तपाईंको कुरा हो । यसलाई भोट दिनु उसलाई नदिनु भन्ने व्यक्ति रास्वपा होइन।"

सभापति लामिछानेले नेतृत्व चयनका लागि कसैलाई पनि उम्मेदवारी दिनबाट वञ्चित नगराइने स्पष्ट पार्नुभयो। उहाँले सांसद वा मन्त्री भइसकेका व्यक्तिलाई उम्मेदवार बन्न नदिने भन्ने हल्ला निराधार रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पुराना र नयाँ सबै साथीलाई आफ्नो योग्यता र क्षमताअनुसार प्रतिस्पर्धा गर्ने अधिकार रहेको छ ।" पार्टीले कसलाई भोट हाल्ने वा नहाल्ने भन्ने विषयमा कुनै औपचारिक निर्णय नगरेको भन्दै उहाँले प्रतिनिधिहरूलाई आफ्नो विवेक प्रयोग गरेर नेतृत्व छान्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "रास्वपा 'ह्वीप' भन्दा पनि 'विवेक' ले चल्ने पार्टी हो।" पार्टीभित्र हुने सामान्य असन्तुष्टि र मनमुटावलाई कोठाभित्रै बसेर छलफलमार्फत टुङ्ग्याउनुपर्नेमा जोड दिँदै सभापति लामिछानेले सडक वा मैदानमा लगेर तमासा नबनाउन प्रतिनिधिलाई सचेत गराउनुभयो । रास्वपा आफ्ना सबै मतभेद अन्त्य गर्न सक्ने पार्टी भएको उदाहरण प्रस्तुत गर्नुपर्ने भन्दै उहाँले विना विवाद, स्वस्थ र स्वच्छ तरिकाले महाधिवेशन सम्पन्न गरेर इतिहास रच्न आह्वान गर्नुभयो । बन्दसत्रको उद्घाटन मन्तव्य पार्टी सभापति लामिछानेले दिएपछि बन्दसत्रका औपचारिक कार्यक्रमहरू सुरु भएका छन्।

## भारतीय पर्यटकले पोखराका होटल भरिभराउ

**पोखरापत्र संवाददाता**

पोखरा, ९ असार



पर्यटकीय राजधानी पोखरामा भारतीय पर्यटक खचाखच भएपछि यहाँका होटल भरिभराउ भएका छन् । यतिबेला लेकसाइडका सडक र बाराही मन्दिरमा अधिकांश भारतीय पर्यटकको चहलपहल बढेको छ।

गण्डकी प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरू, विशेषगर फेवातालाको तालबाराही मन्दिर, विन्ध्यवासिनी, मुक्तिनाथ, तथा विभिन्न पदयात्रामा भारतीय पर्यटकको सङ्ख्या उत्साहजनक रहेको होटल सङ्घ पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

भारतमा बढ्दो गर्मीबाट राहत खोज्न तथा बिदाको सदुपयोग गर्न भारतीय नागरिकले नेपाललाई आकर्षक र सहज गन्तव्यका रूपमा रोज्न थालेको बताउँदै पोखरामा सुवेदीले उनीहरुको स्वागत र सम्मान गर्नु पोखरेली पर्यटन व्यवसायीको दायित्व भएको बताउनुभयो । पर्यटकको चहलपहल बढेसँगै डुङ्गा सयर, पदयात्रा तथा अन्य पर्यटन गतिविधिसमेत बढेको अध्यक्ष सुवेदीको भनाइ छ।

फेवातालमा दिनहुँ चार पाँच हजार भारतीय पर्यटकले डुङ्गा सयर गर्ने गरेको जानकारी फेवा डुङ्गा व्यवसायी सङ्गठनका सहसचिव धनबहादुर विकले बताउनुभयो । डेढ महिनादेखि भारतीय पर्यटक उल्लेख्य उपस्थिति र फेवातालको मध्यभागमा अवस्थित बाराही मन्दिरमा दर्शन गर्न जान रुचि राख्ने गरेको विकले बताउनुभयो। "दिनभरि ताल छेउमा डुङ्गा कुरी बेलुका रित्तो हात घर जानुपर्ने बमाध्यता भारतीय पर्यटक बढेसँगै हटेको छ", सहसचिव विकले भन्नुभयो । अहिले बाराही घाटबाट मात्र दिनहुँ १४० डुङ्गाहरु चलायमान छन्।

टान गण्डकीका कोषाध्यक्ष दीपक सापकोटाले पछिल्लो डेढ महिनामा मात्र डेढ लाख भारतीय पर्यटक पोखरा आएको जानकारी दिँदै उनीहरु धार्मिकस्थल, छोटो दूरीको पदयात्रा, प्याराग्लाइडिङ, वन्जिजम, डुङ्गा सयर तथा च्याफ्टिङ गर्ने गरेको बताउनुभयो । भारतीय पर्यटक यतिबेला पाँच तारेहोटलदेखि साना होटल र धर्मशालासम्म भरिभराउ रहेको बताउनुभयो।

परतीय पर्यटकले कोठामा भन्दा पनि खानामा वार्गेनिङ गर्ने गरेको कुरा होटल व्यवसायी पार्वती पाण्डेले सुनाउनुभयो । भारतमा होटलका रुम मंहगा हुने भएकाले रुममा उनीहरु खासै वार्गेनिङ गर्दैनन्। पोखरामा होटल भारतीय पर्यटकले धानिएको बताउँद्रै नेपालका पर्यटकीय तथा धार्मिक क्षेत्रका बारेमा भारतमा प्रचारप्रसार गर्न सक्यौं भने नेपालमा भारतीय पर्यटक खचाखच हुने उहाँको भनाइ छ। पर्यटन व्यवसायीले यो मौसमलाई 'अफसिजन'का रुपमा लिने गरेको भए पनि पर्यटकको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कास्कीको रूपा गाउँपालिकाको ५५ करोड ३८ लाखको बजेट सार्वजनिक

**पोखरापत्र संवाददाता**

पोखरा, ९ असार




कास्कीको रूपा गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि ५५ करोड ३८ लाख १ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको २० औं गाउँसभामा उपाध्यक्ष लालसुब्बा गुरुङले आज (मंगलबार) पालिकामा आगामी आर्थिक वर्षको लागि उक्त बजेट प्रस्तुत गर्नु भएको हो।

प्रस्तुत बजेटमध्ये चालुतर्फ ४१ करोड ८२ लाख ३० हजार रुपैयाँ र पुँजीगततर्फ १३ करोड ५५ लाख ७१ हजार रुपैयाँ विनियोजन गरिएको उहाँले जनाउनु भयो । गाउँपालिकाले स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन, सेवा प्रवाहमा सुधार तथा पूर्वाधार विकासलाई बजेटको मुख्य उद्देश्य बनाएको उपाध्यक्ष गुरुङले जनाउनु भयो । कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा पर्यटनलाई प्राथमिकतामा राखिएको जनाउदै उहाँले कृषि तथा आर्थिक विकासतर्फ ४ करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख गर्नु भयो । कृषि क्षेत्रका लागि मात्रै २ करोड ५ लाख रुपैयाँ छुट्याइएको भने व्यावसायिक खेती, मौरीपालन, किसान एप सञ्चालन, कृषि एम्बुलेन्स, कृषि प्रसार सेवा तथा रैथाने बाली संरक्षण कार्यक्रमलाई प्राथमिकता दिइएको छ । पशुसेवा क्षेत्रका लागि ७८ लाख ८० हजार रुपैयाँ विनियोजन गरिएको बजेटमा उल्लेख गरिएको छ।

स्वास्थ्यतर्फ ३ करोड ४३ लाख रुपैयाँ विनियोजन गरिएको छ । निःशुल्क स्वास्थ्य परीक्षण, विशेषज्ञसहित स्वास्थ्य शिविर, पाठेघरको मुखको क्यान्सर परीक्षण, स्वास्थ्य बीमामा अपाङ्गता भएका व्यक्तिलाई सहुलियत तथा एक वडा एक एम्बुलेन्स सेवाजस्ता कार्यक्रम सञ्चालन गरिने भएको पालिकाले जनाएको छ। शिक्षा क्षेत्रका लागि १५ करोड २४ लाख १७ हजार रुपैयाँ विनियोजन गरिएको छ । सामुदायिक विद्यालयको गुणस्तर सुधार, नमुना विद्यालय सञ्चालन, शिक्षक क्षमता विकास, प्राविधिक शिक्षाको विस्तार तथा छात्रवृत्ति कार्यक्रमलाई बजेटले समेटेको छ । सामाजिक विकासतर्फ १९ करोड ४३ लाख २० हजार रुपैयाँ विनियोजन गरिएको छ । ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायको सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाले जनाएको छ । "रूपाकी छोरी" कार्यक्रमका लागि ७ लाख रुपैयाँ छुट्याइएको छ।

पूर्वाधार विकासतर्फ ११ करोड १८ लाख ५१ हजार रुपैयाँ विनियोजन गरिएको छ। वडा नं. १ र २ जोड्ने शिवचण्डी मोटरबाटो कालोपत्रेका लागि २ करोड रुपैयाँ, स्याक्लुङकोट-रामकोट-काउनेपोखरी-राम्दी सडकका लागि २ करोड १० लाख रुपैयाँ तथा फेदी-राम्दी-माउँडाँडा-फैचोक सडकका लागि १ करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको छ । गाउँपालिका प्रशासकीय भवनको फिनिसिङ तथा कम्पाउन्ड निर्माणका लागि १ करोड ५० लाख रुपैयाँ, व्यास नगरपालिकासँगको साझेदारीमा बिमलादेवी खोलामा पुल निर्माणका लागि ५० लाख रुपैयाँ र वडा नं. ५ र ६ जोड्ने आपुँखोलामा बेलिब्रिज जडानका लागि ३० लाख रुपैयाँ छुट्याइएको छ । पर्यटन प्रवर्द्धनका लागि रोयल ट्रेक, जालादेवी क्षेत्र, होमस्टे विकास तथा पर्यटकीय पूर्वाधार विस्तारका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, वन्यजन्तु नियन्त्रण तथा खानेपानी सुधारका कार्यक्रमलाई समेत बजेटले प्राथमिकता दिएको छ । बजेट कार्यान्वयनका लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त, समपूरक तथा विशेष अनुदानमार्फत

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

सावधानी अपनाऔं, बचौं र बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरा बसपार्कका व्यापारिक संरचना हटाइयो, सुकुमवासी बस्ती अझै बाँकी

पोखरापत्र संवाददाता
गण्डकी, ९ असार

पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणको योजनामा रहेको पोखरा महानगरपालिकाले पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रभित्रका सबै व्यापारिक संरचना हटाएको छ।

बसपार्कभित्रको बास्तोला कम्प्लेक्ससहित उत्तरतर्फको पेट्रोलपम्प लाइनका सटर तथा कबलहरू समेत हटाएको छन्। विसं २०३० मा बसपार्कको जग्गा अधिग्रहण गरेको आधा शताब्दीपछि बसपार्क निर्माणका लागि 'साइट क्लियर' गर्ने काम सुरु गरिएको हो। संरचना हटाएको क्षेत्रमा सरसफाइ गरेर सम्याइएको छ।

महानगरले लालपूर्जाभित्रका व्यापारिक संरचना हटाए पनि मुख्य चासो रहेको सुकुमवासी बस्ती खाली गर्न भने अझै बाँकी छ। बसपार्कभित्र तीन वटा सुकुमवासी बस्तीमा ५७२ घर परिवारले जग्गा अतिक्रमण गरेर बसोबास गर्दै आएका छन्। महानगरले सुकुमवासीलाई अन्यत्र व्यवस्थापनपछि मात्र अतिक्रमित घर टहरनामा डोजर चलाउने जनाएको छ।

पोखरा महानगर प्रमुख धनराज आचार्यले सुकुमवासी बस्तीको व्यवस्थापन नगरिकन उनीहरूलाई त्यहाँबाट नहटाइने बताउनुभयो। उहाँले भन्नुभयो, "सुकुमवासी बस्तीका साथीहरूको डकुमेन्ट भेरिफिकेसनसहित विवरण छानबिन भइरहेको छ। केही व्यक्तिहरूले तीनपुस्ते सही विवरण नदिएको तथा झुट्टा विवरण दिएको पाइएको छ। यस्तो झुटो विवरण प्रमाणित भएमा प्रचलित कानुनअनुसार कारबाही हुन्छ। विवरण प्रमाणित गर्ने काम पूरा भएलगत्तै सुकुम्वासी बस्ती स्थानान्तरण प्रक्रिया गर्छौं।"

प्रमुख आचार्यले सुकुमवासी बस्तीको व्यवस्थापन नगरी हटाइने छैन भन्ने प्रतिबद्धता महानगरबाट पटक-पटक दोहोऱ्याइए पनि केही गैरसुकुमवासी व्यक्तिहरू तथा असम्बन्धित व्यक्तिहरू बस्तीभित्र प्रवेश गरी गलत सूचना दिने र भड्काउने कार्य भएको पाइएकाले यसप्रति कसैले पनि भ्रममा नपर्न अनुरोध गर्नुभएको छ। महानगरपालिकाले हाल डोजर लगाएर खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गासहित पेट्रोलपम्प लाइनको जग्गा व्यक्तिको स्वामित्वमा छ। विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भएपनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो। महागरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णय लगायतको विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समिति गठन गरेको छ। सो समितिको प्रतिवेदन अझै पेस हुन सकेको छैन।

बसपार्कभित्रका सुकुमवासीहरू आफूहरूको अन्यत्र व्यवस्थापन हुनेबित्तिकै बस्ती खाली गर्न तयार रहेको बताएका छन्। सुकुमवासी सरोकार समितिका अध्यक्ष प्रेम गुरुङले विकल्प पाउनसाथ बसोबास गरिरहेको स्थानबाट हट्न तयार रहेको बताउनुभयो। उहाँले भन्नुभयो,"बसपार्क लामो समयअघिको योजना हो तर हामीलाई देखाएर बन्न सकेको छैन। हामी विकासविरोधी होइनौं, बाधक बन्दैनौं, महानगरले हामीलाई कहाँ गएर बस्ने भन्ने ठाउँ देखाइदियोस् हामी जान तयार छौं।"

# जाउँ है पोखरा अभियान सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ असार



सौराहपछि भैरहवा र पाल्पामा छलफल र अन्तरक्रिया गरी यसवर्षको तीन दिने जाउँ है पोखरा अभियान हालै सम्पन्न भएको छ।

भैरहवामा आयोजितकार्यक्रममासिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले पोखरा जस्तै भैरहवाले पनि पर्यटन प्रवर्द्धनका कार्यक्रम अगाडि बढाउनुपर्ने बताउँदै पर्यटनमा नकारात्मक भन्दा सकारात्मक कुरालाई सबैले प्रवर्द्धन गर्नुपर्ने भनाई राखे। होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जाउँ है पोखरा अभियान संचालनसँगै तीन प्रतिशतबाट अहिले पोखरा आउने आन्तरिक पर्यटकको हिस्सा ५० प्रतिशत पुगेको जानकारी दिए। जाउँ है पोखरा अभियानले नेपाली पनि पर्यटक हुन् भन्ने विषय सुरुवात गरेको अध्यक्ष सुवेदीले स्मरण गराए।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा, चितवन र लुम्बिनी जोड्ने पर्यटनको त्रिकोणीय प्रवर्द्धनलाई पुनः अगाडि बढाइएको जानकारी दिँदै ती ठाउँ विचका अन्य पर्यटकीय क्षेत्रलाई पनि क्रमशः प्रबर्द्धन गर्दै गइने प्रतिवद्धता जनाए। होटल संघ नेपालका केन्द्रिय सदस्य चन्द्रप्रकाश श्रेष्ठले कानून विपरित आतंकवादी शैलीमा भारतीय पर्यटक सिमा नाकामा पक्राउ गरिएको भन्दै आपत्ती जनाए। कति भारतीय रुपैयाँ नेपाल ल्याउन पाउने हो भन्ने विषयमा भारतीय पर्यटकलाई नेपाली सुरक्षाकर्मीले दुःख दिने गरेको भन्दै यो विषय हेर्ने निकाय कुन हो भनी प्रश्न गरे।

कार्यक्रममा सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विष्णु शर्मा, सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवाली, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी, नाट्टा लुम्बिनीका अध्यक्ष चन्द्रबहादुर थापा, होटल तथा रेष्टुरेण्ट एशोसिएशन रुपन्देहीका अध्यक्ष राजेश महोत्रा र नेपाल भारत मैत्री संघ रुपन्देहीका अध्यक्ष श्रीचन्द गुप्ता लगायतले आफ्नो भनाई राखेका थिए। यसैगरी पाल्पामा आयोजित कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले पर्यटनका हिसावले पाल्पा सुन्दर गन्तव्य भएको बताउँदै विभिन्न मठमन्दिर र धामहरुको प्रचार आफूहरुले गर्न नसक्दा उक्त क्षेत्र पछाडि परेको बताए। पर्यटन र कृषिलाई जोड दिएर आफूहरु अगाडि बढ्न खोजिरहेको उनले सुनाए। होटल संघ पाल्पाका अध्यक्ष जयन्त भुसालले पाल्पा र तानसेन पर्यटनको कुनै ट्रान्जिट भन्दा पनि आफैंमा एक महत्वपूर्ण गन्तव्य भएको बताउँदै जिल्लामा घुम्ने र रमाउने थुप्रै स्थलहरु भएको बताए। ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरा साहसिक र अन्ना हिमालको गन्तव्य मार्ग भएको बताउँदै यहाँ आउने पर्यटकलाई कसरी सेवा दिन सकिन्छ भन्ने विषयमा आफूहरु गंभीर रहेको जानकारी गराए। पाल्पा पनि महत्वपूर्ण पर्यटकीय गन्तव्य भएको स्मरण गराउँदै अध्यक्ष आचार्यले यो स्थल किन पछि पऱ्यो भन्ने विषयमा समिक्षा गरी सबै पक्षले आफ्नो भूमिका पहिचान गरी अगाडि बढाउनुपर्ने सुझाव राखे। कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समिरमान सिंह, पाल्पा व्यापार संघका अध्यक्ष विष्णु कार्की, नाट्टा पल्पाका अध्यक्ष राजीवकुमार शाह र तानसेन नगरपालिका वडा नम्बर ६ का अध्यक्ष सागरमान महर्जनले पनि आफ्नो भनाई राखेका थिए। कार्यक्रमको संचालन अयोजक होटल संघ पोखराकी सचिव पार्वती पाण्डेले गरेकी थिइन्।

# फोटो पत्रकार रञ्जितलाई एनओसी बेष्ट क्यामेरापर्सन अवार्ड

पोखरापत्र संवाददाता
पोखरा, ९ असार




पोखराका फोटो पत्रकार सुदर्शन रञ्जितले काठमाडौंमा एनओसी बेष्ट क्यामेरापर्सन अवार्ड २०२६ प्राप्त गरेका छन्।

अन्तर्राष्ट्रिय ओलम्पिक दिवसको अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा रञ्जितलाई उक्त अवार्ड प्रदान गरिएको हो।

उक्त कार्यक्रममा फोटो पत्रकार रञ्जितलाई नगद ५० हजार रुपैयाँसहित अवार्डले सम्मान गरिएको हो। 'समर्पणको सम्मान, उत्कृष्टताको उत्सव' भन्ने मूल नाराका साथ आयोजना भएको कार्यक्रममा खेलकुद क्षेत्रका विशिष्ट व्यक्तित्वहरुलाई पनि सम्मान गरिएको छ। काठमाडौंको ठमेलस्थित होटल अलोफ्टमा भएको कार्यक्रममा उत्कृष्ट खेलाडी (महिला/पुरुष), उत्कृष्ट खेल संघ, पत्रकारिता अवार्डतर्फ छापा, भिडियो जर्नालिस्ट, अनलाइन मिडिया, बेष्ट क्यामेरापर्सनसहित खेलाडी, प्रशिक्षकलाई सम्मान गरिएको थियो।

# कास्कीको ...

प्राप्त हुने रकम मुख्य स्रोतका रूपमा रहनेछ। गाउँपालिकाले आन्तरिक स्रोतबाट १ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। उपाध्यक्ष गुरुङले सीमित स्रोत-साधनका बीच स्थानीय आवश्यकता सम्बोधन गर्ने प्रयास गरिएको बताउँदै बजेटले "रूपाको पहिचान : सबै क्षेत्रमा समृद्धिको अभियान" लाई सार्थक बनाउने विश्वास व्यक्त गर्नु भयो। मंगलबार पालिका अध्यक्ष नवराज ओझाले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ। बादरबाट समस्या भएको हुदा त्यसको विकल्पमा मसाला उत्पादन पर्ने योजना अघि सारिएको अध्यक्ष ओझाले जनाउनु भयो। रुपा गाउँपालिकाको आफ्नै प्रशासनिक भवन हालै निर्माण गरिएको प्रमुख प्रशासकिय अधिकृत अन्तराज न्यौपानेले बताउनु भयो। करिब १० करोड ८७ लाखको लागतमा उक्त भवन निर्माण गरिएको उहाँले जनाउनु भयो। पालिकाले ४ हजार ५ सय रोपनी क्षेत्रफलमा मसालजन्यवाली विस्तार गर्ने योजना अघि सारेको सूचना अधिकारी लोकनाथ पौडेलले बताउनु भयो।

# भारतीय ...

सङ्ख्या उल्लेख्य रूपमा बढेपछि पर्यटन व्यवसायीहरू थप उत्साहित बनेका छन्। नेपाली नयाँ वर्षयता सुरु भएको पर्यटक आगमनको लहर जेठ महिनाको अन्त्यसम्म पनि निरन्तर कायम रहेको पर्यटन व्यवसायी बताउँछन्। पर्यटकीय रुपमा चहलपहल भएको पोखरामा एक महिनाको समयावधिमा पोखरामा मात्रै डेढ लाख भारतीय पर्यटक भित्रिएका तथ्याङ्क पर्यटन व्यवसायीसँग छ। यहाँका होटलको ९० प्रतिशत अकुपेन्सी पुगेको होटल व्यवसायीहरु बताउँछन्। विशेषगरी उनीहरु तालबाराही मन्दिर, पुदीको शिवमन्दिर, केदारेश्वर, विन्ध्यवासिनी,मुक्तिनाथ,मनकामना मन्दिरमा जाने गर्छन्। नेपालमा आउने पाहुनाको माया गर्नु हामी सबैको कर्तव्य हो। नेपालीहरु पनि भारतको धार्मिक मठमन्दिरमा जाँदा होटलमा भन्दा पनि बाहिर नै पकाएर खाने गर्छन्। पोखरामा एकैदिन १० हजार पर्यटक अटाउनसक्ने क्षमता होटलमा छ।

# 'कांग्रेस जनसेवामा समर्पित हुनुपर्छ'

रासस
झापा, ९ असार

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विगतका राजनीतिक निर्णय, सत्ता केन्द्रित प्रवृत्ति र अस्थिर गठबन्धनका कारण पार्टीप्रति जनतामा असन्तुष्टि बढेको स्वीकार्दै अब कांग्रेस जनमुखी राजनीतिमा फर्कनुपर्ने बताउनुभएको छ।

झापाको विर्तामोडमा मंगलबार आयोजित कांग्रेसको जिल्लास्तरीय कार्यकर्ता भेटघाटमा उहाँले अब सरकार बनाउने अङ्क गणितभन्दा जनताको मन जित्ने राजनीतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

सभापति थापाले स्पष्ट राजनीतिक आधारविना अन्य दलसँग गठबन्धन गर्ने, पुनः त्यही गठबन्धन तोड्ने प्रवृत्ति, सीमित नेताहरूको प्रधानमन्त्री बन्ने आकांक्षा तथा सत्ता भागबण्डाको राजनीतिले कांग्रेसको छवि कमजोर बनाएको बताउनुभयो। त्यसको परिणाम स्वरूप निर्वाचनमा पराजित उम्मेदवारप्रति मात्र नभई कांग्रेसप्रति नै जनताले असन्तुष्टि व्यक्त गरेको उहाँको भनाइ थियो।

अहिलेको सबैभन्दा ठूलो चुनौती जनताको गुमेको भरोसा पुनः स्थापित गर्नु रहेको उल्लेख गर्दै सभापति थापाले देशका समस्या बुझेर समाधान गर्न सक्ने क्षमता अझै पनि कांग्रेससँग रहेको दाबी गर्नुभयो। "कांग्रेस संसद्‌बाट जन्मिएको पार्टी होइन, कांग्रेसले संसद् जन्माएको पार्टी हो", उहाँले भन्नुभयो, "प्रधानमन्त्री बन्ने मोहका कारण पार्टीको प्रतिष्ठा र जनविश्वासमा क्षति पुगेको हो।"

पार्टीका उपसभापति विश्वप्रकाश शर्माले मुद्दा लागेका सांसदलाई पनि निलम्बन नहुने व्यवस्था ल्याइएकोप्रति असन्तुष्टि व्यक्त गर्दै त्यसले सुशासनको मान्यतालाई कमजोर बनाउने बताउनुभयो। विगतका कमजोरी नेतृत्वको मात्र नभई आफ्नै पनि रहेको स्वीकार्दै पार्टीले आत्मालोचना गरिसकेको उहाँको भनाइ छ।

उहाँले झापाका चिया उद्योगसँग सम्बन्धित समस्या वार्तामार्फत समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो। भूमिहीन सुकुमवासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने, बाहुनडाँगी क्षेत्रमा बढ्दो जङ्गली हात्तीको समस्याप्रति सरकार गम्भीर बन्नुपर्ने तथा विगतमा कांग्रेसको पहलमा निर्माण गरिएको विद्युतीय तारबारबाहेक प्रभावकारी काम हुन नसकेको उल्लेख गर्दै त्यसतर्फ विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा सहभागी नेताहरूले सङ्गठन सुदृढीकरण, जनतासँगको सम्बन्ध विस्तार, सुशासन, सामाजिक न्याय तथा स्थानीय समस्याको समाधानलाई कांग्रेसको आगामी राजनीतिक प्राथमिकताका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक।

- शेखसादी

## सम्पादकीय

# रास्वपाको संविधान संशोधनमा फरक धारणा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संविधान संशोधनका बारेमा आफ्नो फरक धारणा रहेको जनाएको छ। रास्वपा सभापति रवि लामिछानेले महाधिवेशनमा सार्वजनिक गरेको राजनीतिक प्रतिवेदनमा संविधान संशोधनमा रास्वपाको धारणा उल्लेख गरिएको छ। संविधान संशोधनका लागि प्रस्ताव तयार गर्न सरकारले कार्यदल बनाएको छासंविधान संशोधनका लागि रास्वपाले मात्र सक्दैन।देशका सबै दल, वर्ग र समुदायको सहमति चाहिन्छ।

रास्वपाले स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारीसहितको प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा रहेको जनाएको छ। अहिलेको अत्यन्त महंगो निर्वाचन प्रणालीको सट्टा पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा उभ्याउनु निर्वाचनमा देखिएको विक्रीति रोक्न हो। समानुपातिकले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गरोस् भन्ने चाहनु सकारात्मक हो। अहिलेको राष्ट्रिय सभालाई गैरदलीय विशेषज्ञ सभा बनाउन र उपराष्ट्रपतिलाई सभाध्यक्ष बनाउने पक्षमा रास्वपा छ। त्यसै गरी प्रदेश सभा र प्रदेश सरकारको पनि पुनर्संरचनाका पक्षमा रास्वपा छ।

संशोधन संकुचित राजनीतिक स्वार्थबाट नभई राष्ट्रको दीर्घकालीन आवश्यकता, जनताको अनुभव र लोकतान्त्रिक अभ्यासबाट निर्देशित हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'संविधान न अपरिवर्तनीय दस्तावेज हो, न प्रत्येक राजनीतिक परिवर्तनसँगै फेर्ने अस्थिर दस्तावेज। संविधान संशोधनको अबको आधार पनि सुशासन, स्थायित्व, प्रतिनिधित्व र नागरिकको हित हुनुपर्छ। व्यापक राष्ट्रिय संवाद, विज्ञहरूको सुझाव, नागरिकको सहभागिता र सम्भव भएसम्म सर्वदलीय सहमतिका आधारमा हुने हो।

प्रतिनिधिसभामा दुई तिहाइ बहुमतले मात्र हुन सहज छैन। रास्वपाले संविधानमा धेरै कुरा सकारात्मक भएको हुँदा नमिलेका मुद्दालाई मिलाउन सकिन्छ।तर भूराजनीतिक कारणले कर्मचारीलाई अप्ठ्यारो परेको छ। यस अवधिमा संविधानका उपलब्धि र कमजोरी अनि नागरिकले चाहेका सुधारबारे खुला, इमानदार र जिम्मेवार बहसका पक्षमा रहेको जनाएको छ। रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेले प्रदेशसभाको खारेजीसहित संघीयताको पुनर्संरचना गर्ने बताएका छन्। उपसभापति स्वर्णिम वाग्लेले चितवनमा जारी प्रथम महाधिवेशनको बन्दसत्रमा अर्थ-राजनीतिक प्रस्तावना पेस गर्दै संघीयताको पुनर्संरचना गर्ने बताएका छन।

अर्थमन्त्रीसमेत रहेका वाग्लेले मंसिर २०८० महोत्तरीमा भएको केन्द्रीय समितिको बैठक र असोज २०८१ काठमाडौंमा भएको राष्ट्रिय भेलामा प्रस्तुत प्रस्तावना एवं व्याख्यालाई अद्यावधिक गरी राष्ट्रिय महाधिवेशनमा पेस गरेका हुन्। 'नयाँ संविधानमै टेकेर रास्वपाले वैधानिक हैसियत बनाएकाले लामो संघर्षबाट प्राप्त उपलब्धिका रूपमा समन्यायिक समाज निर्माणको अवधारणालाई आत्मसात् गरेको हो। हाम्रो संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्नेछौं,' प्रस्तावनामा भनिएको छ।, 'प्रत्यक्ष निर्वाचित, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एकतिहाइ कटौती, प्रदेश सभाको खारेजीसहित संघीयताको पुनर्संरचना, न्यायपरिषद्‌लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार, मान्यताप्राप्त राजनीतिक दलको पारदर्शी कोषभरणजस्ता शासकीय सुधारका एजेन्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ।'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मुस्ताङ आउने विदेशी पर्यटक बढे



**पोखरापत्र संवाददाता**

मुस्ताङ, ९ असार

मुस्ताङ आउने विदेशी पर्यटक बढेका छन्।

गत आर्थिक वर्ष २०८१/८२ को ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा मुस्ताङ भ्रमण गर्ने विदेशी पर्यटक ८१ दशमलव ८४ प्रतिशतले बढेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

कार्यालयका अनुसार चालु आवको जेठसम्म मुस्ताङमा दुई लाख ४४ हजार ८८० विदेशी पर्यटकले भ्रमण गरेका छन् भने गत आवको सोही अवधिमा एक लाख ३४ हजार ६६४ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए।

यसवर्ष भारतीय पर्यटकको आगमन अत्यधिक रहेको जनाइएको छ। छिमेकी मुलुक भारतमा चर्को गर्मी छल्न तथा धार्मिक हिसाबले पनि मुक्तिनाथ आउनेहरु बढेकाले मुस्ताङमा विदेश पर्यटक आगमन बढेको हो।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक एवं सूचना अधिकारी ईश्वर महतका अनुसार चालु आवको जेठमा मात्रै ९० हजार ९३९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका छन्। जसमध्ये ९० प्रतिशत बढी भारतीय पर्यटक नै रहेको प्रहरी निरीक्षक महतले जानकारी दिनुभयो। गतवर्षको जेठमा २४ हजार ३७२ जना विदेशी पर्यटक मुस्ताङ आएका थिए। जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आव २०८०/८१ मा ९९ हजार ३९९ जना र आव २०८१/८२ मा एक लाख ५० हजार ४५३ जना विदेशी पर्यटक मुस्ताङ आएका थिए।

# नमुना सहरको परिकल्पनासहित 'बैरेनी जग्गा विकास आयोजना'

**रासस**

तनहुँ, ९ असार

जिल्लाको व्यास नगरपालिका-१० मा नमूना सहरको परिकल्पनासहित बैरेनी जग्गा विकास आयोजना कार्यक्रम सञ्चालन भइरहेको छ।

आयोजनाको पहिलो चरणको काम अन्तिम अवस्थामा पुगेसँगै दोस्रो चरणको बृहत्तर विस्तार प्रक्रिया अघि बढाइएको हो। साविक फराकचौर क्षेत्रका एक हजार ३६० रोपनी क्षेत्रमा आयोजना विस्तार गर्न नगरपालिकाले जग्गाधनी तथा मोहीहरूको रायसुझाव र सहमति सङ्कलन कार्य सुरु गरिरहेको छ। नगरपालिकाले दीर्घकालीन, योजनाबद्ध र आधुनिक सहरी विकासलाई लक्षित गर्दै यो आयोजना अघि बढाएको आयोजना प्रमुख वरिष्ठ इन्जिनियर रवीन्द्रलाल मूलले बताउनुभयो।

"बस्तीले साँघुरिँदै गएको सदरमुकाम दमौलीलाई व्यवस्थित सहरी स्वरूपमा रूपान्तरण गर्ने र भविष्यको नमूना सहरका रूपमा विकास गर्ने उद्देश्यसहित काम अघि बढाइएको हो। सुरुआती चरणमा केही चुनौती खेप्नु परेपनि अहिले आयोजना जनस्तरमा स्वीकृत भइसकेको छ", उहाँले भन्नुभयो, "आधुनिक सहरको स्वरूप देखिन थालेपछि स्थानीयमा उत्साह थपिएको छ। योसँगै दोस्रो चरणको कामको माग पनि बढेको छ।" नगरप्रमुख वैकुण्ठ न्यौपानेले आयोजनालाई नगरपालिकाको दूरदर्शी विकास दृष्टिकोणको प्रमुख आधारका रूपमा अघि बढाइएको बताउनुभयो। उहाँले भन्नुभयो, "सदरमुकाम दमौली आसपासको अव्यवस्थित सहरीकरणलाई नियन्त्रण गर्दै योजनाबद्ध, सुरक्षित र आधुनिक सहर निर्माण गर्ने हाम्रो स्पष्ट लक्ष्य हो।" पहिलो चरणको प्रगतिले जनविश्वास बढाएको छ, त्यसैको आधारमा दोस्रो चरणलाई अघि बढाइएको न्यौपाने बताउनुभयो।

दोस्रो चरणको प्रक्रिया स्थानीय बृहत्तर बैरेनी एकीकृत जग्गा विकास परियोजना समितिको माग तथा सहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा अघि बढाइएको हो। प्रारम्भिक अध्ययन अरनिको डिजाइनर्स एण्ड प्लानर्स प्रालिले सम्पन्न गरेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले आयोजना सञ्चालनका सम्बन्धमा कुनै असहमति वा सुझाव भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र जग्गाधनी प्रमाणपत्र र नागरिकताको प्रतिलिपिसहित लिखित निवेदन पेस गर्न सार्वजनिक आह्वान गरेको छ। तोकिएको अवधिभित्र कुनै असहमति नपरेमा आयोजनामा सम्बन्धित पक्षको स्वतः सहमति रहेको मानिने नगरपालिकाले स्पष्ट पारेको छ। पहिलो चरणको आयोजनाको हालसम्म ८५ प्रतिशत सम्पन्न भइसकेको छ। पहिलो चरणको प्रगति र पूर्वाधार विकासपछि स्थानीय जग्गाधनीहरू दोस्रो चरणको आयोजनाप्रति थप उत्साहित देखिएका छन्। करिब रु नौ करोड २४ लाख ७० हजार लागतमा पहिलो चरणको काम सञ्चालन भइरहेको यस आयोजनामा नगर विकास कोषको ७० प्रतिशत ऋण तथा गण्डकी प्रदेश र व्यास नगरपालिकाको ३० प्रतिशत लगानी रहेको छ।

पहिलो चरणअन्तर्गत सडक सञ्जाल, टेवा पर्खाल र ढल निकासको अधिकांश काम सम्पन्न भइसकेको छ भने खानेपानी लाइन विस्तार र ढल नालाको कभर स्ल्याब निर्माण अन्तिम चरणमा पुगेको छ। विद्युत् प्रसारण लाइन विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको इन्जिनियर मूलले बताउनुभयो।

# उत्कृष्ट १० उद्यमी पुरस्कृत

**पोखरापत्र संवाददाता**

बागलुङ, ९ असार

बडिगाड गाउँपालिकाले पालिकाभित्र रहेर विभिन्न उद्यम गर्दै आएका उद्यमीलाई प्रोत्साहन गर्न विभिन्न संस्थासँग सहकार्य गरेर उत्कृष्ट उद्यमी छनोट गरेको छ।

गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, बडिगाड गाउँपालिका र दायित्व संस्थाका त्रिपक्षीय सहकार्यमा सञ्चालित बुद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रममार्फत वडा नं ७ का जीवबहादुर खत्री उत्कृष्ट घोषित हुनुभएको छ। खत्रीलाई रु एक लाख ५० हजारले सम्मानसमेत गरिएको छ। गाउँपालिकाले उत्कृष्ट उद्यमी बन्नका लागि निवेदन आह्वान गरेको थियो। जसमा बडिगाडका ९१ उद्यमीबीच प्रतिस्पर्धा गराएको गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो। ९० जना उद्यमीबाट उत्कृष्ट ४०, २० र १० को प्रतिस्पर्धाबाट खत्री प्रथम भएको उहाँको भनाइ छ।

खत्रीबाहेक अन्य नौ जना उद्यमीलाई भने जनही रु एक लाखले सम्मान गरिएको अध्यक्ष अधिकारीले बताउनुभयो। गण्डकी प्रदेशको रु ४० लाख, बडिगाड गाउँपालिकाको रु २० लाख र दायित्व संस्थाको रु १५ लाख लागत साझेदारीमा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिएको थियो। अध्यक्ष अधिकारीले केही गर्न चाहनेका लागि देशमै प्रशस्त सम्भावना भएको बताउनुभयो।

अध्यक्ष अधिकारीले भन्नुभयो, "स्वदेशमै केही गर्न चाहानेहरूका लागि थुप्रै सम्भावना छ, बडिगाडमा धेरै उद्यमी हुनुहुन्छ, कोहीले अहिले उद्यम सुरु गर्नुभएको छ त कोहीले पहिलेदेखि नै गर्दै आउनुभएको थियो, उद्यमीलाई प्रोत्साहन गर्न यसपालि उत्कृष्ट उद्यमी छनोट गरेका छौं, आगामी दिनमा पनि उद्यमीहरू यसरी नै बढ्दै जानुहुनेछ।"

उत्कृष्ट बन्नुभएका खत्रीले ४० रोपनी क्षेत्रफलमा फलफूलखेती गर्दै आउनुभएको छ। पालिकाले यसरी प्रोत्साहन गर्दा काम गर्ने ऊर्जा थप भएको उहाँले बताउनुभयो। उद्यमीका समस्या बुझेर पालिकाले काम गर्न सके गाउँठाउँमै रोजगार सृजना गर्न सकिने खत्रीको भनाइ छ।

# मौवाफाँट-दग्नाम सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**

म्याग्दी, ९ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाममा पक्की सडक निर्माण भएको छ। रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँटदेखि दग्नाम-दर्मीजा-चिमखोला-घ्यासीखर्क जोड्ने सडकको औरी, बुग्ल र दग्नाम खण्डमा ढलान गरेर पक्की बनाइएको हो।

रघुगङ्गा गाउँपालिका-४ का वडाध्यक्ष पविन गर्बुजाले यसअघि कच्ची अवस्थामा रहेको ग्रेड र घुम्ती नमिलेको सडकलाई फराकिलो पार्ने, नाली र पर्खाल बनाएर ढलान गरिएको जानकारी दिनुभयो। "दग्नाममा विसं २०७४ मा सडकले जोडिएपछि चालु आर्थिक वर्षमा सङ्घीय सरकारबाट हालसम्मकै बढी रु तीन करोड बजेट बिनियोजन भएको थियो", उहाँले भन्नुभयो, "स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय कास्कीले ठेक्कामार्फत योजना सम्पन्न गरेपछि आवतजावत सहज र सुरक्षित भएको छ।"

दग्नाम, दर्मीजा, चिमखोला, घ्याँसीखर्क, मङ्गलेखानी, चौरखानी र पात्लेखर्क गाउँका बासिन्दाहरू लाभान्वित भएका छन्। अप्ठ्यारो ठाउँमा सडक फराकिलो पार्ने, पर्खाल, नाली निर्माण, ग्रेड र मोड सुधार तथा ढलान गरिएको छ। उक्त योजना निर्माणका लागि गत माघ १४ गते दुप्चेश्वर सुभम् बिल्डर्सले रु दुई करोड ३९ लाख ९९ हजार चार सय १३ मा ठेक्का सम्झौता गरेको थियो। यही असार २० गतेसम्मको ठेक्काको म्याद रहे पनि गत जेठ २६ गते योजना सम्पन्न गरेको निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले बताउनुभयो। इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत आफूले पाएको जिम्मेवारी समयअगावै सम्पन्न गरेको उहाँले बताउनुभयो। कार्कीका अनुसार औरी, दवाङभिरमुनि र दग्नाम गाउँभित्र ९०० मिटर ढलान गरिएको छ। दग्नामको मुख्य गाउँभित्रको सबै सडक ढलान भएको छ। सडक पक्की बनेपछि दग्नाम गाउँ चिटिक्क देखिएको छ। धुलो र हिलोको समस्या समाधान हुनुका साथै यात्रा सहज र सुरक्षित भएको स्थानीय धनीलाल गर्बुजाले बताउनुभयो। दग्नाम खोलामा कजवे र तीन ठाउँका खोल्सामा ह्युम पाइप राखिएको छ। मौवाफाँट-दग्नाम-चिमखोला-घ्याँसीखर्क सडकको मौवाफाँट, बुक्ल, दग्नाम पहिरो, चिमखोला क्षेत्रमा गत वर्ष दुई वर्ष शीर्षकका योजनामार्फत स्तरोन्नति भएको थियो। रघुगङ्गा गाउँपालिकाका तीन वटा वडालाई जोड्ने यो सडक जिल्लाको प्राथमिकताप्राप्त आयोजना हो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २४, बास्कोट खेल मैदान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बास्कोट खेल मैदान निर्माण
ठेगानाः पोखरा-२४
योजना सम्झौता मिति : २०८२/०८/२१ गते
योजना सुरु मितिः २०८२/०८/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२५ गते
योजनाको कुल लागतः रु. १०,००,०००।-
महानगरपालिकाबाटः रु. ९,००,०००।-
जनसहभागिताबाटः रु. १,००,०००।-
उपभोक्ता समिति अध्यक्षः राम बहादुर सुवेदी
सम्पर्क नं.: ९८०६६५०४७७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**बास्कोट खेल मैदान निर्माण उपभोक्ता समिति पोखरा-२४**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, चिसापानी सहेली सिँचाई निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः चिसापानी सहेली सिँचाई निर्माण
ठेगानाः पोखरा-३३
योजना सम्झौता मिति : २०८२/०९/०७ गते
योजना सुरु मितिः २०८२/०९/१० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२७ गते
योजनाको कुल लागतः रु. ११,१२,०७४.२४
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१२,०७४.२४
उपभोक्ता समिति अध्यक्षः पवन अधिकारी
सम्पर्क नं.: ९८५६०५७६५६
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**चिसापानी सहेली सिंचाई निर्माण उपभोक्ता समिति पोखरा-३३**

# रैथाने गाई सङ्कटमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असार

म्याग्दीको धवलागिरि गाउँपालिकामा स्थानीय जातका गाईगोरु सङ्कटमा परेका छन् । पछिल्लो आठ वर्षको तथ्याङ्कका आधारमा धवलागिरिमा गाईगोरुको सङ्ख्या दुई हजार ३४५ ले घटेको छ ।

विसं २०७४ मा गरिएको सर्वेक्षण प्रतिवेदनअनुसार धवलागिरिमा गाईगोरु ६ हजार ७५६, रागाभैँसी दुई हजार ३८३, बाख्रा तीन हजार ६६४, भेडा दुई हजार २८ तथा घोडा २२ ९ रहेका थिए । सात वडा रहेको धवलागिरिमा हाल गाई चार हजार ४११, भैसी दुई हजार ८४७, बाख्रा पाँच जहार ९८६, भेडा दुई हजार १९५, ब(ङ्गुर ११९, कुखुरा १६ हजार २२६, खरायो ६७० तथा घोडा खच्चर २६६ को सङ्ख्यामा रहेका गाउँपालिकाको पशु सेवा शाखाका प्रमुख चन्द्रकला दाहालले बताउनुभयो । नयाँ पुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुँदा जीविकोपार्जन, स्वरोजगार र आयआर्जनको सम्भावना भए पनि दुःख गर्नुपर्ने भएका कारण नयाँ पुस्ताको आकर्षण कम हुँदा घुम्तीगोठसँगै स्थानीय जातका गाईगोरु सङ्कटमा परेका हुन् ।

धवलागिरि-७ काफलडाँडाका नेत्रप्रसाद पुनले गाई पाल्न छाडेको १७ वर्ष भयो । “थोरै दूध दिने १० गाई पाल्नुभन्दा धेरै दूध दिने एउटै भैँसी पाल्दा सजिलो हुन्छ”, करिब तीन दशक गाई पालेर लेकबेँसी गरेको सम्झँदै उहाँले भन्नुभयो, “खनजोत गर्ने मिनीटिलर हलो भित्रिएपछि गोरुको पनि महत्व घट्यो । गाई पाल्ने चलन हरायो ।” पूजाआजा र धार्मिककार्यमा आवश्यक पर्ने दूध तथा गहुँतका लागि गाईका मालिकलाई पहिले नै भन्नुपर्ने अवस्था रहेको धवलागिरि गाउँपालिका-७ ताकमका ओमबहादुर घिमिरेले बताउनुभयो । “हिजोआज धार्मिक कार्यका लागि आवश्यक पर्ने गाईको दूध र गहुँत नपाइने



अवस्था आएको छ”, उहाँले भन्नुभयो, “गाई देखिन छाडे, गोरु पनि भेटिँदैनन् ।” वडा नं ६ साविक मराङ र ७ मा पर्ने साविक ताकम गाविसमा स्थानीय जातका गाईगोरु भेट्टाउन मुस्किल पर्न थालेको छ । गुर्जा, लुलाङ, मुना, मुदी र मल्कवाङमा अझै घुम्ती गोठ घटे पनि गाईगोरु पाल्न चलन हटिसकेको भने छैन । धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका स्थानीय जातका गाईगोरु दुर्लभ हुन थालेका छन् । उत्पादनको लागत घटाउन र आम्दानी बढाउन उन्नत जातका व्यावसायिक पशुपालन उपयुक्त मानिन थालेपछि उन्नत जात र व्यावसायिकताले स्थानीय रैथाने जातका गाई गौशाला र मन्दिरमा सीमित हुन थालेका छन् ।

बढी दूध दिने उन्नत र वर्णशङ्कर जातका गाई र भैँसी पाल्ने तथा खेतबारी खनजोतका लागि ट्याक्टर र मिनीटिलर हलोको बढ्दो प्रयोगसँगै स्थानीय जातका गाईगोरु पाल्ने चलन हराएको धवलागिरि-७ का इन्द्रलाल पौडेलले बताउनुभयो । “मिनीटिलर र ट्याक्टर भित्रिएपछि स्थानीय जातका गाईको सङ्ख्या घटेको छ”, उहाँले भन्नुभयो, “सरकारले पनि बढी दूध दिने गाईभैँसीमा जोड दिएकाले भैँसी, वर्णशङ्कर र उन्नत जातका गाई पाल्नेको सङ्ख्या बढ्ने र स्थानीय जातका घटेको हो ।” धवलागिरि गाउँपालिका खेतबारी खनजोत गर्ने औजार उपकरण नभित्रिँदासम्म गोरुको स्रोत केन्द्र थियो । बेनी नगरपालिका, पर्वत, स्याङ्जा र कास्कीका किसान हलगोरु किन्न धवलागिरि गाउँपालिकामा आउँथे । गोरुको व्यापार किसानको आम्दानीको स्रोत थियो । पछिल्लो समय गाईगोरुको माग र बिक्री पनि घटेको धवलागिरि-३ मुनाका खड्कमान पुनले बताउनुभयो ।

**स्थानीय जातका गाईको महत्व**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अभिलेखअनुसार नेपालमा पाइने आठ प्रजातिका गाईमध्ये म्याग्दीसहितका जिल्लामा पालिने गाईका जातलाई पहाडी भनिन्छ । पहाडी गाईहरू भूटान, सिक्किम र दार्जिलिङबाट नेपालमा भित्रिएका हुन् । दुई सयदेखि तीन सय किलोग्रामसम्म तौल हुने पहाडी गाईको रङ कालो, रातो, फुस्रो र टाटेपाटे हुन्छ । एक बेतमा १५० देखि २०० लिटरसम्म दूध दिन्छन् । पहाडी गाईको दूध पोषिलो र स्वास्थ्यकर मानिन्छ । मानिस र गाईको दूधमा पाइने क्यारोटिन तत्व आँखा र मष्तिष्कका लागि महत्त्वपूर्ण मानिएको जिल्ला आयर्वेद स्वास्थ्य केन्द्रका कविराज निरीक्षक प्रेमप्रसाद गौतमले बताउनुभयो । “गाईको दूध सेवन गर्दा स्वास्थ्यलाई धेरै किसिमको फाइदा गर्ने र रोग लाग्नबाट बचाउने विभिन्न वैज्ञानिक अध्ययनबाट पहिचान भएको तथ्य हो”, उहाँले भन्नुभयो “गाईबाट प्राप्त हुने पञ्चतत्व दूध, दही, घ्यू, गोबर र गहुँतको धार्मिक महत्वसँगै आयुर्वेद र चिकित्साशास्त्रमा समेत उपयोगी मान्ने गरिएको छ ।” नेपालको संविधानको धारा ९ (३) मा गाईलाई राष्ट्रिय जनावरका रूपमा उल्लेख गरिएको छ । कानुनले नेपालमा गोवध गर्न प्रतिबन्ध लगाएको छ । गाईलाई समाजमा संरक्षणको दृष्टिले हेर्ने गरिएकाले पनि गाईको धार्मिक एवं सांस्कृतिक महत्व रहेको बेनी नगरपालिका-१ स्थित श्रीलक्ष्मीहरि मन्दिरका महन्थ हिमालय बाबाले बताउनुभयो ।

“गाईलाई धर्म र संस्कृतिसँग मात्र जोडेर बुझ्नु हुदैन”, उहाँले भन्नुभयो, “जैविक विशेषता बोकेका वैदिक गाईको नश्ल नेपालको जैविक सम्पत्ति हो । यसलाई बचाउन राज्य र समाजले विशेष ध्यान दिनुपर्छ ।” स्थानीय गाईको गोबर, गहुँत खेतीबारीमा मात्र होइन औषधीय कार्यमा पनि उपयोग हुने उहाँले बताउनुभयो । हिन्दू धर्मावलम्बीहरुका लागि गाई जन्मदेखि मृत्युसम्म आवश्यक जनावरका रूपमा मानिन्छ । हिन्दू धर्मावलम्बीले लक्ष्मीका रूपमा गाईलाई पूजा गर्छन् । गाईको सेवाबाट ऋषि, महर्षी, राजर्षीहरुले शक्ति र सौभाग्य प्राप्त गरेको प्रसङ्गहरू पुराणमा उल्लेख गरिएका छन् । गाईको गोबरले घर लिपपोत गरेमा विभिन्न किटाणु नष्ट गर्ने शक्ति हुने भएकाले प्रयोग गर्ने गरिएको हो । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले घुम्ती गोठलाई आधुनिक र व्यवस्थित गर्न किसानसँग छफल गरेर उनीहरूको आवश्यकताअनुसारका कार्यक्रम बनाएर समेट्ने प्रयास गरिएको बताउनुभयो । स्थानीय जातका गाईको वंशाणुगत गुण संरक्षणका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयसँग समन्वय गरिएको बताउनुभयो ।

घुम्तीगोठका लागि त्रिपाल, सोलारलगायत सामग्री उपलब्ध गराएको बताउँदै उहाँले फरक ढङ्गले घुम्तीगोठलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेमा रोजगारी सृजना र आयआर्जन वृद्धिको सम्भावना रहेको उपाध्यक्ष पुनले बताउनुभयो ।

# मौलिक चुड्का नाच संरक्षणमा जुट्यो दरै समुदाय

**रासस**
तनहुँ, ९ असार

आधुनिकता र बदलिँदो जीवनशैलीका कारण लोपोन्मुख बन्दै गएको सीमान्कृत अल्पसङ्ख्यक समुदाय दरैको मौलिक सांस्कृतिक सम्पदाका रूपमा रहेको चुड्का नाच संरक्षणमा जुटेको छ । ‘चुड्काको लयमा प्रतिस्पर्धा, सांस्कृतिक संरक्षणमा प्रतिबद्धता’ भन्ने नाराका साथ पुस्तौँदेखि दरै समुदायको पहिचानसँग जोडिएको चुड्का नाचलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले लोपोन्मुख बन्दै गएका अभौतिक सम्पदाको संरक्षणमा जुटेको हो ।

चुड्का नाच दरै समुदायको परम्परागत लोकनृत्य हो, जसमा सामूहिक रूपमा गीत गाउँदै र तालबद्ध रूपमा नृत्य प्रस्तुत गर्ने प्रचलन रहेको दरै समाज तनहुँका अध्यक्ष ठाकुरबहादर दरैले जानकारी दिनुभयो । “व्यास नगर प्रज्ञा प्रतिष्ठानकोसहयोगमाप्रतियोगिता गरिएको हो । विशेषगरी विवाह, पर्व, उत्सव तथा सामुदायिक कार्यक्रममा प्रस्तुत गरिने यो नाच दरै समुदायको सांस्कृतिक पहिचानका रूपमा महत्त्वपूर्ण रहेको छ”, उहाँले भन्नुभयो, “पठनपाठन, सहरीकरणले गर्दा अहिले समुदायको युवापुस्ता रोजगारीलगायतका कार्यले चुड्का नाच हराउँदै गएको छ । यसको संरक्षणका लागि प्रतियोगिता गरिएको हो ।”

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा दरै समुदायको कुल जनसङ्ख्या १८ हजार ६९५ रहेको छ । गण्डकी प्रदेशका तनहुँ, गोरखा र नवलपुर जिल्लामा दरै समुदायको उल्लेख्य बसोबास छ । जनसङ्ख्या कम हुनु र युवापुस्ता वैदेशिक रोजगारी तथा अध्ययनका लागि बाहिरिनुले चुड्का नाच संरक्षणमा चुनौती थपिएको समाजका सचिव विजय दरैले बताउनुभयो । तनहुँको व्यास नगरपालिका उद्गम थलो मानिएका यस समुदायको बाक्लो बासोबास रहेको छ भने ऋषिङ र घिरिङ गाउँपालिकामा पनि बसोबास गर्दै आएका यी समुदायको पछिल्लो समय युवालाई लक्षित गरी चुड्का नाच प्रतियोगिता कार्यक्रम सञ्चालन गरिएका विजयले बताउनुभयो । “दरै समाज तथा सांस्कृतिक समूहले ज्येष्ठ पुस्ताबाट गीत र नृत्य सिकाएर नयाँ पुस्तामा हस्तान्तरण गर्ने प्रयास थालिएको हो”, उहाँले भन्नुभयो । दरै समाज तनहुँका उपाध्यक्ष विमल दरैले पहिले गाउँका अधिकांश युवा चुड्का नाचमा सहभागी हुने गर्थे । तर, अहिले मोबाइल, इन्टरनेट र आधुनिक मनोरञ्जनका साधनको प्रभाव बढेसँगै परम्परागत संस्कृतिप्रतिको आकर्षण घट्दै गएको छ”, उहाँले भन्नुभयो, “त्यसैले समुदायस्तरमै संरक्षणका कार्यक्रम आवश्यक बनेका छन् ।” व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले चुड्का नाच केवल मनोरञ्जनको माध्यममात्र नभई दरै समुदायको इतिहास, सामाजिक सम्बन्ध, जीवनशैली र सामूहिक भावनाको अभिव्यक्ति भएको बताउनुभयो । “गीतका शब्दमा प्रकृति, प्रेम, श्रम, कृषि र सामाजिक जीवनका विविध पक्ष समेटिएका हुन्छन्”, उहाँले भन्नुभयो, “समुदायका ज्येष्ठ नागरिकसँग रहेका पुराना चुड्का गीत सङ्कलन गर्ने कामलाई प्रोत्साहन गर्नेछ ।” मौखिक रूपमा पुस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदा लिखित र डिजिटल अभिलेखमा राख्नुपर्ने आवश्यकता महसुस गरिएको नगरप्रमुख न्यौपानेले बताउनुभयो । लोपोन्मुख सांस्कृतिक सम्पदाको संरक्षणका लागि बजेट विनियोजन गर्दै आएका उहाँले बताउनुभयो । दरै समुदायका युवाले सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत चुड्का नाचको प्रचारप्रसार बढाउन थालेका छन् । संरक्षण अभियानलाई दिगो बनाउन आर्थिक स्रोत, प्रशिक्षण, अनुसन्धान तथा अभिलेखीकरणमा थप लगानी आवश्यक रहेको सरोकारवाला बताउँछन् । विद्यालय तहदेखि स्थानीय पाठ्यक्रममा दरै समुदायको संस्कृति समावेश गर्न सके संरक्षण अभियान अझ प्रभावकारी हुने उनीहरूको सुझाव छ । प्रतियोगितामा व्यास-१० स्थित दुम्सी दरै समाज प्रथम, बैरेनी दरै समाज द्वितीय र दुम्सीचौर दरै समाज तृतीय भएका छन् । रु सात हजार, रु पाँच हजार र रु तीन हजार पुरस्कार वितरण गरिएको समाजले जनाएको छ ।

व्यास-११ स्थित पोल्याङ दरै समाज चौथो र साँखर दरै समाज पाँचौँ भएका छन् । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएकाले यस्ता मौलिक सांस्कृतिक सम्पदाको संरक्षण राष्ट्रिय दायित्वसमेत हो । दरै समुदायले आफ्नो पहिचानसँग जोडिएको चुड्का नाच जोगाउन थालेका प्रयासले सांस्कृतिक विविधताको संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ । चुड्का नाच केवल एउटा नृत्यमात्र होइन, दरै समुदायको इतिहास, पहिचान र अस्तित्वसँग जोडिएको अमूल्य सम्पदा हो । त्यसैले यसको संरक्षणमा समुदाय, स्थानीय सरकार र सम्बन्धित निकायको साझा प्रयास आवश्यक देखिएको छ ।

# पर्यटनको नयाँ सम्भावना बोकेको चमेरा गुफा

**रासस**
गण्डकी, ९ असार

तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित लिउत गाउँ जाने बाटोमाथि पर्ने ऐतिहासिक तथा प्राकृतिक महत्व बोकेको चमेरा गुफालाई पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने तयारी थालिएको छ ।

प्राकृतिक सम्पदाका रूपमा रहेको चमेरा गुफा लामो समयदेखि ओझेलमा पर्दै आएकामा पछिल्लो समय पर्यटकीय सम्भावनालाई उजागर गर्दै व्यवस्थित विकासका लागि स्थानीय तह सक्रिय बनेको हो ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानसहित प्राविधिक टोलीले गुफा क्षेत्रको स्थलगत अवलोकन गरी संरक्षण, व्यवस्थापन तथा पर्यटन प्रवर्द्धनका सम्भावनाबारे अध्ययन गरेको छ । अवलोकनका क्रममा गुफाको वर्तमान अवस्था, संरक्षणका चुनौती, पर्यटक आकर्षित गर्न आवश्यक पूर्वाधार तथा दीर्घकालीन विकास योजनाका विषयमा विस्तृत छलफल गरिएको वडा सदस्य मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाका अध्यक्ष चुमानले चमेरा गुफा आँबुखैरेनीको महत्वपूर्ण प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणसँगै पर्यटन क्षेत्रका रूपमा विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आगामी



आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत आवश्यक रकम विनियोजन गरी गुफा क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकता दिइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हाम्रो गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर आर्थिक विकासको आधार बनाउने लक्ष्य छ । चमेरा गुफा त्यस्तै सम्भावना बोकेको स्थल हो । यसको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक बजेट तथा योजना कार्यान्वयनमा ल्याइनेछ ।” उहाँका अनुसार गुफासम्म सहज पहुँचका लागि पदमार्ग निर्माण, सूचना बोर्ड स्थापना, सुरक्षाका आवश्यक व्यवस्था, सरसफाइ तथा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । यसले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

स्थानीयवासीका अनुसार चमेरा गुफा प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल हो । गुफाभित्र ठूलो सङ्ख्यामा चमेरा बसोबास गर्ने भएकाले यस क्षेत्रको जैविक विविधता संरक्षणका दृष्टिले पनि विशेष महत्व रहेको छ । उचित प्रचारप्रसार र पूर्वाधार विकास हुन सके यस क्षेत्र पर्यटनको नयाँ गन्तव्य बन्न सक्ने स्थानीयको विश्वास छ ।

गाउँपालिकाले पर्यटन विकाससँगै स्थानीयस्तरमा रोजगारी सिर्जना, होटल तथा व्यवसाय प्रवर्द्धन, कृषि उत्पादनको बजार विस्तार तथा आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरेको छ ।

पर्यटनसँग जोडिएका सम्भावनाको उपयोग गर्न सके गाउँपालिकाको समग्र आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ ।

# दर्मीजामा ‘होमस्टे’ले आनन्द लिन जाने होइन त ?

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दर्मीजामा ‘होमस्टे’ (घरबास) सञ्चालन भएको छ ।

दर्मीजाका स्थानीय बिप्रसाद पुनले वैदेशिक रोजगारीको विकल्प र सहरको बसाई छाडेर जन्मथलो फर्किएर होमस्टे सञ्चालन गर्नुभएको हो । पुर्खाले बनाएको पुरानौ शैलीको मौलिक घरलाई मर्मत गरेर पुनले सञ्चालन गरेको घरबासलाई ‘दर्मीजा होमस्टे’ नामकरण गर्नुभएको छ । “करिब एक दशक रोजगारीका लागि इराक र व्यवसाय गरेर काठमाडौमा बिताए”, उहाँले भन्नुभयो “विदेश र बजारमा आर्जेको व्यावसायिक ज्ञान, सीप र पुँजी परिचालन गरेर ग्रामीण क्षेत्रमा कृषिमा आधारित पर्यटन विकासका लागि होमस्टे सञ्चालन गरेको हो ।” होमस्टे सञ्चालन गर्न विसं २०१९ मा हजुरबुबाले दर्मीजामा बनाएको घरलाई पुरानै मौलिक शैलीमा मर्मत गर्नुभएको छ । चार वटा कोठामा दैनिक १० जना पाहुना बास बस्न सक्छन् । घर र कोठामा परम्परागत मौलिक घरायसी सामग्री, भाँडाकुँडा र कृषि औजारलाई सजाएर राखिएको छ । काठको ठेकी,



मुडुस, तामाका भाडा, घैटो, हलो, जुवा, स्याखु, हरडुब्लो, लाफु, डोका, डालीलगायतका सामग्री सजाएको घरका झ्याल, ढोका र भित्रि भाग पनि मौलिक छन् । यहाँ पुराना घरमा बसेको अनुभव गर्न पाइने आन्तरिक पर्यटक प्रदीप मगरले बताउनुभयो ।

पृष्ठभूमिमा धौलागिरि हिमाल रहेको दर्मीजामा मगर समुदायको बाहुल्य बसोबास छ । प्रकृति, संस्कृति र ग्रामीण जीवनशैलीमा रमाउन पाउनु यहाँको आकर्षण हो । घरबासको कोठाबाटै दर्मीजा गाउँ र हिमालको अवलोकन गर्न सकिन्छ । स्थानीय खाद्यान्न र तरकारी तथा पशुजन्य वस्तु होमस्टेका परिकार हुन् । ढिडो, रातो च्याउ, कुखुरा, खसीबोकाको मासु, साग, सब्जी, तरकारी, गाउँघरमा पालेका गाईभैँसीको दूध, दही र मोहीको स्वाद लिन पाइन्छ । खाना र बसेको दैनिक रु एक हजार ५० शुल्क तोकिएको छ ।

दर्मीजा गाउँको फेदी र राहुघाट नदीको किनारमा रहेको प्राकृतिक तातोपानी कुण्डमा स्नान गरेर थकान मेटाउन सकिन्छ । जागा छहरा दर्मीजाको आकर्षण हो । दर्मीजामा आउने पर्यटकको बसाई सम्बाउनका लागि दुई घण्टा पैदलयात्रापछि पुगिने नागींडाँडालाई सहायक गन्तब्यको रुपमा विकास गराउन पूर्वाधार निर्माण भइरहेको रघुगङ्गा गाउँपालिका-४ का वडाध्यक्ष पविन गर्बुजाले बताउनुभयो ।

होमस्टेले ओझेलमा परेको दर्मीजामा पर्यटकको चहलपहल बढाएको उहाँले बताउनुभयो । बेनीदेखि २४ किलोमिटर उत्तरतर्फ रहेको दर्मीजा पुग्न कच्चि सडकमा एक घण्टा ३० मिनेटको यात्रा गर्नुपर्छ । दर्मीजादेखि चिमखोला हुँदै सोवाङ धुरी, धौलागिरि आइसफल, आधार शिविर र कालीबराह ताल हुँदै मुस्ताङ जान सकिन्छ ।

धौलागिरि आइसफल हुँदै मुस्ताङ जोड्ने पदमार्गमा पूर्वाधार बनाएर सडकका कारण विस्थापित बनेको बेनी-जोमसोमको वैकल्पिक पदमार्ग बनाउन काम भइरहेको छ । हाल वार्षिक दुईदेखि तीन समूह पर्यटक दर्मीजा हुँदै धौलागिरि आइसफल भएर मुस्ताङ जाने गरेको छन् । पुनले होमस्टेको साथै फलफूल बगैँचा पनि स्थापना गर्नुभएको छ । होमस्टे परिसरमा किवी, सुन्तला र कागतीका बगैँचा छन् । पुनका परिवारका सदस्यहरू काठमाडौँमै व्यवसाय गरेर बसेका छन् । होमस्टे र कृषि फार्ममा दुई जनाले नियमित रोजगारी पाएका छन् । अधिकांश मानिसहरू सुविधा, अवसर र रोजगारीको खोजीमा गाउँबाट सहर र सहरबाट विदेश पलायन भइरहेको अवस्थामा विप्रसादले गाउँमै सम्भावना र अवसर भएको सन्देश दिनुभएको छ ।